# जनतानै आधारस्तम्भ

लेखक प्रकाश पौडयाल

नेपाली कांग्रेस लगायत बिभिन्न पार्टीले राखेको बिघटीत प्रतिनिधि सभाको पुनर्रस्थापना प्रस्तावलाई आलटाल गर्नुमा राजाको प्रत्यक्ष शाशनको नियत झल्कीएको छ भन्ने कुरा अब लुकेको छैन । यसबाट नत मावोबादी समस्या सुल्झीन्छ नत प्रजातन्त्रनै सुद्रीण हुन्छ । कुनैपनी पार्टीलाई सफल भएको देख्न नचाहने र यस्ता अस्तब्यस्त परीस्थीतीबाट बिभिन्न फाईदालिने बानी परीसकेका स्वदेशी वा बिदेशी तत्वहरुलाई भने यो दशैंको कूरा हो । यस किसिमको अन्यौल वातावरणमा नागरीक प्रति जवाफदेहीताको कमी रहन्छ भन्ने कुराको संकेत नेपाल भारत सिमाको बिषयप्रति राजाबाट प्राप्त संदेशले छर्लगं पारेको छ । एकातर्फ मौसूफबाट देशको भलो हुने प्रयास गरीबक्सन्छ भन्ने अर्कोतर्फ सिमा बिबादमा यो सरकारको काम हो म केही भन्दीन भन्ने जस्ता ब्यबहारबाट के स्पस्ट हुन्छ भने कि त राजालाई देशको भलो केमा हून्छ भन्नेनै थाहा छैन कि त उनलाई देश बिकाश गर्ने भन्दा दरवार र यिनका आसेपासेको बिकाशमा मात्रैरुची छ । यति हुंदाहुंदै पनी राजा र राजाका आसेपासे प्रत्यक्ष शाशनमा देशको भलो देख्छन् भने यो उनिहरुको गलत मनसाय हो । आजको विश्वमा राजाको प्रत्यक्ष शाशन वा एकदलीय ब्यबस्था भएका प्राय सबै राष्ट्रहरु असफल भएका छन् भने त्यसको बिपरित प्रजातान्त्रीक देशहरु बिकासमा लम्कदै छन् । यस्ता देशहरुमा जनप्रतिनिधिबाट निर्मीत सरकार प्रत्येक ब्यबहारमा जवाफदेही हुदा भ्रस्ट ब्यक्तीले गलत नियत राख्ने संभावना कम र दण्डनीय हुने गर्दछ ।

नेपालमा हुने गरेका बिभिन्न अनियमीतता, भ्रस्टाचार, शोशण र ज्याजती यसै अराजकताको एक परिणाम हो । छयालीस सालमा प्राप्त प्रजातन्त्रबाट नेपालीले गरेको आशा र अहिलेको बास्तबिकतामा भएको भिन्नताले गर्दा प्रजातन्त्रमानै शंका उठ्न थालेको छ । यस अबस्थामा नयां पुस्तालाई बन्दुक बोक्न बाध्य नपारी प्रजातान्त्रीक अभ्यासमा संलग्न गराउनु एउटा चुनौतीको बिषय भएको छ । यी कलीला यूवा यूवतीहरुलाई सफल प्रजातान्त्रको उदाहरण दिन बिदेश देखाउनु पर्ने भएको छ जुन सहरी क्षेत्रमा सम्भव होला तर असी प्रतिशत ग्रामिण क्षेत्रमा के गर्ने ? यसबाट भ्रस्ट र अराजक तत्वलाई अझ फाईदा पुगेको छ । यस अबस्थामा

दमन, षोशण, अत्याचार, हत्या, आतकं जस्ता असामाजीक पक्षको बाहेक अरुकुनै सकारात्मक पक्षको बिकाश सम्भब हुदैन । आफनो ब्यक्तीगत स्वार्थ पुरा गर्न देशकै कुभलो गर्न पछी नपर्ने यस्ता तत्वले राजालाई गलत सल्लाह दिएको खण्डमा देशको भलो हुने त कुरै छाडौं स्वयं राजाको समेत भलो हूदैन । यदि राजाले साच्चै देशको भलो चाहेका हुन् भने यस्ता आसेपासेको कुरामा ध्यान नदिई जन प्रतिनिधिलाई बिस्वास गर्नू अनिवार्य हुन्छ । यदि राजाको इक्षा सफल राज्यको निमाण गर्नुनैहो भने जनभावना बुझ्नु अत्यावस्यक छ ।

अहिलेको बैज्ञानिक युगमा जनभावना बुझ्न घरदैलोमानै चिहार्नू पर्छ भन्ने छैन र यो सम्भब पनी हुदैन । जनभाबना बुझ्न् कुनै वनभोज र भत्तेरको आयोजन गर्नु पनि आबस्यक हुदैन । यस्ता वनभोज खान जानेवालाहरु देश बिकाश भन्दा बढी पुरस्कार र आर्सिबादमा लक्षीत हुने गर्दछन् । नत यी बथानहरुले सकारात्मक सुझाव दिन्छन् नत यी बथानी सूझाव ब्यबहारमा प्रयोग गर्न सकिन्छ । यस्कालागी अझै पनी लोकप्रिय नेता र ईमान्दार पार्टी भेट्ाउन गाह्रो पर्दैन । राजाकालागी यीनै लोकप्रिय जनप्रतिनिधिनीका बिचार, बिभिन्न मिडीवाट प्राप्त संदेश र ब्यक्तीगत अबलोकन पर्याप्त हुन्छ । समस्या त्यती बेला निस्कीन्छ जती बेला राजा लाखौं नेपालीले विस्वाश गर्ने नेताहरुलाई अविस्वाश गर्छन् । समस्या त्यती बेला निस्कीन्छ जती बेला राजा एउटा विश्वको सबैभन्दा गरीब देशमा बिश्णुको अबतार बनी सहारा र सान्तना दिनुको साटो राणकालीन सुखसयल र तलब भत्ता बृिदी गर्नमा ब्यस्त रहन्छन् ।

अर्कोतर्फ, कुनैपनी ब्यक्तीले शैनीक र बन्दूकको भरमा सत्ता प्राप्त गर्न वा टिकाउन सकीन्छ भन्ने सोचाई राख्छ भने त्यो भ्रम मात्र हो । अबत यसकालागी विश्व ईतीहास पनी हेर्नु पर्दैन, केही समय अघीदेखी माओबादी बिरुद्धमा निस्कीएको जुलुस र त्यस्को भावना बूझे पूग्छ । यदी राजाका आसेपासे पनी माओबादीझैं शैनिक र बन्दुकको भरमा साशन गर्न सकिने कुरामा बिश्वस्त छन् र राजा त्यसलाई मान्दछन् भने त्यो त्यो राजाको अर्को भुल हो । क्षणीक समयको लागी बन्दूकको भरमा राजनीतीक पार्टीलाई अलमल्याउन र सासन गर्न सकिएता पनी यसरी प्राप्त साशनले दिर्घकालीनरुप लीन सक्दैन र यस्को परिणाम भयन्कर डरलाग्दो हुन सक्दछ । देशमा ब्याप्त गरीबी र बेरोजगारको स्थीतीले

सिमानाघीरहेको स्थितीमा नेपाली काग्रेंस लगायत अन्य आन्दोलनरत पार्टीलाई कुनैपनी निर्णय लिन मद्धत गर्न सक्दछ। यस निर्णयले राजसंथालाई चुनौती मात्र हैन परास्त नगर्ला भन्न सकिन्छ। अहिलेको अबस्थामा सबैभन्दा आबश्यक कुरा राजा, माओवादी र आन्दोलनरत पार्टीको त्याग, समझदारीता र दुरदर्सीता हो भने यिनीहरुको आधारस्तम्ब आम नेपाली जनता हून्। जुन पक्षले यस स्तम्भको अबहेलना गर्दछ त्यस पक्षको अस्तीत्व सम्भब हुदैन। यस बास्तविकतालाई राजा र आसपासेहरुले राम्रो संग बुझेमा हामी सबै नेपालीको भलो हुने संभावना छ।